## प्रेस विज्ञप्ति

मुलुकमा मौजुदा संविधान जारी भएको अवसर पारी आगामी २०७५ आश्वीन २,३ र ४ गते संविधान दिवस भव्य रुपमा मनाउने सन्दर्भमा गण्डकी प्रदेशका मुख्य मन्त्री माननीय पृथ्वी सुव्वा गुरुङको अध्यक्षतामा गण्डकी प्रदेशका माननीय मन्त्रीज्यूहरु, प्रदेश सचिवज्यूहरु लगायत जिल्ला प्रशासन, कास्की, पोखरा महानगर, जिल्ला समन्वय समिति, कास्कीका पदाधिकारी समेत समाजका विभिन्न संघ संस्था, सुरक्षाकर्मी, संचारकर्मी, नागरिक अगुवा र समाजसेवीहरुको सहभागितामा वसेको वैठकले उल्लेखित सबैका अतिरिक्त क्रियाशील राजनीतिक दलहरुको प्रतिनिधित्व रहने गरी माननीय मुख्यमन्त्रीको अध्यक्षतामा संविधान दिवस, २०७५ गण्डकी प्रदेश मूल समारोह समितिको गठन गरेको छ ।

संविधान दिवस भव्यतापूर्वक मनाउने सिलसिलामा सजावट, सरसफाइ, वृक्षारोपण, दिपावली, छलफल अन्तरक्रिया, अन्तरसम्वाद, परिसम्वाद, र्‍याली, शहीदको सम्मान, रक्तदान, प्रचारप्रसार सहित आश्वीन २, ३ र ४ गते विभिन्न कार्यक्रम गरी मनाउने निर्णय भएको छ।

संविधान दिवसको मुख्य दिन २०७५ आश्वीन ३ गते विहान ७ वजे शहीद चोकबाट र्‍याली शुरु गरी मुस्ताङचोक एयरपोर्ट हुदै रत्नचोक भएर शहीद पार्कमा आई शहिदहरुको शालिकमा पुष्प गुच्छा अर्पण गरी जिल्ला समन्वय समिति, कास्कीको हलमा प्रदेश प्रमुखको प्रमुख आतिथ्यतामा मूल समारोह गर्ने कार्यक्रम रहेको छ।

गण्डकी प्रदेशमा आशवीन २, ३ र ४ गते साँझ दिपावली गर्न समाजमा स्वस्फूर्त ढंगले विभिन्न रचनात्मक कार्य गरी शहीद दिवस मनाउन र आश्वीन ३ गतेको र्‍याली तथा मूल समारोहको कार्यक्रममा उत्साहपूर्वक सहभागी भई कार्यक्रम सफल पार्न कार्यक्रम मूल समारोह समितिको तर्फबाट व्यवस्थापक गण्डकी प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्पूर्ण जनसमुदायमा हार्दिक अपिल गर्दछ । धन्यवाद !

मिति २०७५/०५/२२

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

..............................

(ध्रुव गिरी)

प्रवक्ता

उप सचिव